राष्ट्रिय दैनिक

समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक १०३ २०८३ कात्तिक १८ गते बुधवार (4 Nov. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

वन कर्मचारीको सरुवामा विभेदको आरोप



दैनिक समाचारदाता

जनकपुरधाम १७ कात्तिक । मधेश प्रदेशमा वन कर्मचारीको सरुवामा राजनीतिक पहुँच र प्रभावका आधारमा विभेद गरिएको आरोप लगाउँदै चुरे तथा वनजंगल संरक्षण अभियान आन्दोलनमा उत्रिएको छ ।

अभियानका पदाधिकारी तथा सदस्यहरूले सोमबार मधेश भवनस्थित वन तथा वातावरण मन्त्रालयको प्रवेशद्वारमा अनुहारमा कालोपट्टी बाँधेर एक घण्टा धर्ना दिएका छन् ।

अभियानका अध्यक्ष सुनिलकुमार यादवले राजनीतिक पहुँच भएका कर्मचारीको सरुवा रोकिएको र पहुँच नभएकालाई मात्र सरुवा गरिएको आरोप लगाए । मुख्यमन्त्री तथा मन्त्रालयको आदेशमा केही कर्मचारीको सरुवा रोकिएको दाबी गर्दै उनले त्यसको आधार र कारण सार्वजनिक गर्न सरकारसँग माग गरे ।

धर्नापछि अभियानले सातबुँदे मागसहित प्रदेशका प्रमुख सचिवलाई ज्ञापनपत्र बुझाएको छ । ज्ञापनपत्रमा सरुवा अवधि पूरा गरेका कर्मचारीको निष्पक्ष सरुवा गर्न, सबै कार्यालयमा समान मापदण्ड लागू गर्न, राजनीतिक हस्तक्षेप अन्त्य गर्न तथा रोकिएका सरुवाको कारण सार्वजनिक गर्न माग गरिएको छ ।

त्यसैगरी, सरुवा निर्णयमा

बाँकी पृष्ठ ४मा

दुई अध्यादेश राष्ट्रपति समक्ष सिफारिस गर्ने सरकारको निर्णय



काठमाडौँ, १७ कात्तिक । सरकारले दुई वटा अध्यादेश जारी गर्नका लागि राष्ट्रपति समक्ष सिफारिस गरेको छ ।

मङ्गलबार बसेको मन्त्रीपरिषद्को बैठकले प्रेस काउन्सिल ऐन, २०४८ लाई संशोधन गर्न बनेको अध्यादेश र संस्कृति, पर्यटन तथा नागरिक उड्ययनलगायतका केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न राष्ट्रपति समक्ष सिफारिस गर्ने निर्णय गरेको सरकारका प्रवक्ता तथा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिनुभयो । बैठकले एसियाली विकास बैंकबाट सडक सुधारका लागि प्राप्त हुने २८५ मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण र २० मिलियन अमेरिकी डलर बराबरको अनुदान सहायता

बाँकी पृष्ठ ४मा

पूर्वप्रधानमन्त्री नेपालसहित ९७ जनाविरुद्ध भ्रष्टाचार मुद्दा



दैनिक समाचारदाता

काठमाडौँ १७ कात्तिक । हदबन्दी छुटमा प्राप्त सरकारी जग्गा सट्टापट्टा तथा बिक्री गर्न अनुमति दिएको प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पूर्वप्रधानमन्त्री माधवकुमार नेपालसहित ९७ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आयोगले मोरङस्थित रिजाल क्यानिङ एण्ड कम्पनीको नाममा रहेको हदबन्दी छुटअन्तर्गतको सरकारी सार्वजनिक जग्गा बदनियतपूर्वक सट्टापट्टा तथा बिक्री गर्न छुट दिएको आरोपमा सोमबार विशेष अदालत, काठमाडौँमा आरोपपत्र दायर गरेको हो ।

आयोगका अनुसार यस प्रकरणमा ७३ करोड ४९ लाख ५६ हजार रुपैयाँ बिगो कायम गरिएको छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम उक्त बिगो पूर्वप्रधानमन्त्री नेपालसहितका प्रतिवादीबाट असुल गर्न मागदाबी गरिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए ।

मुद्दा दायर गरिएकामा तत्कालीन संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृतिमन्त्री डा. मीनेन्द्रप्रसाद रिजाल, भूमिसुधार तथा व्यवस्था मन्त्रालयका तत्कालीन सचिव छविराज पन्त, सहसचिव रमेशचन्द्र अधिकारी तथा उपसचिवद्वय गान्धीप्रसाद सुवेदी र हुपेन्द्रमणि केसी पनि छन् ।

आयोगले तत्कालीन भूमिसुधार तथा व्यवस्थामन्त्री डम्बर श्रेष्ठ र तत्कालीन मुख्यसचिव माधवप्रसाद घिमिरेलाई भने बिगो असुलउपर गर्ने प्रयोजनका लागि मात्र प्रतिवादी बनाएको जनाएको छ ।

त्यसैगरी, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख लगायत प्रचलित कानुनबमोजिम विवादित जग्गा जफत गर्नसमेत आयोगले मागदाबी गरेको छ । जग्गा जफत गर्ने प्रयोजनका लागि पनि केही व्यक्तिलाई प्रतिवादी बनाइएको आयोगले जनाएको छ ।

४५ जनाले पाए गाउँपालिकाबाटै लाइसेन्स



दैनिक समाचारदाता

जनकपुरधाम, १७ कार्तिक । धनुषाको धनौजी गाउँपालिकाले स्थानीय सेवाग्राहीलाई सहज र सुलभ रूपमा सरकारी सेवा उपलब्ध गराउने उद्देश्यले गाउँपालिकाको कार्यालयबाटै सवारी चालक अनुमतिजनकपुर बारको निर्वाचन मंसिर २० गते

जनकपुरधाम, १७ कार्तिक । नेपाल बार एशोसिएशन जनकपुरको नयाँ कार्यसमिति चयनका लागि आगामी मंसिर २० गते निर्वाचन हुने भएको छ ।

एशोसिएशनको कार्तिक १३ गते बसेको बैठकले निर्वाचनको मिति तय गरेको हो । अध्यक्ष अधिवक्ता विमलकुमार मिश्रद्वारा जारी सूचनामा मंसिर २० गते आइतबार निर्वाचन गर्ने निर्णय भएको उल्लेख छ ।

एशोसिएशनले निर्वाचनमा सहभागी भई नयाँ कार्यसमिति चयन प्रक्रियालाई सफल बनाउन सम्पूर्ण सदस्य कानून व्यवसायीलाई आग्रह गरेको छ ।

निर्वाचन सम्पन्न गराउन अधिवक्ता लोचन साहको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन समिति गठन गरिएको छ ।

समितिको प्रमुख निर्वाचन अधिकृतमा अधिवक्ता लोचन साह रहेका छन् भने अधिवक्ता राकेश कुमार साह र अधिवक्ता रविशेखर ठाकुर सदस्य तथा निर्वाचन अधिकृतको जिम्मेवारीमा रहेका छन् ।पत्र (लाइसेन्स) वितरण सुरु गरेको छ ।यातायात व्यवस्था कार्यालय जनकपुरधाम र बर्दिबासबाट सञ्चालित परीक्षामा उत्तीर्ण भएका गाउँपालिकाभित्रका सेवाग्राहीलाई लक्षित गरी पालिकाबाटै लाइसेन्स वितरण गर्ने व्यवस्था मिलाइएको हो ।


गाउँपालिका अध्यक्ष राजकुमार साहका अनुसार चालक अनुमतिपत्रको परीक्षा उत्तीर्ण गरेका स्थानीय युवालाई अनावश्यक झन्झटबाट मुक्त गर्दै घरआँगनमै सरकारी सेवा पुऱ्याउने उद्देश्यले यो पहल गरिएको हो ।

पहिलो चरणमा यातायात व्यवस्था कार्यालय बर्दिबासबाट सञ्चालित प्रयोगात्मक परीक्षा (ट्रायल) उत्तीर्ण गरेका गाउँपालिकाका ४५ जनाको लाइसेन्स प्राप्त भएपछि वितरण प्रक्रिया सुरु गरिएको अध्यक्ष साहले जानकारी दिए ।


पालिकाबाटै लाइसेन्स पाउने व्यवस्था भएपछि अब अनुमतिपत्र लिनकै लागि यातायात व्यवस्था कार्यालयसम्म धाउनुपर्ने बाध्यता हटेको छ ।

ग्रामीण क्षेत्रका सेवाग्राहीलाई लक्षित गरी सुरु गरिएको यस व्यवस्थाले स्थानीय तहबाटै नागरिकलाई सहज र प्रभावकारी सेवा उपलब्ध गराउने प्रयासमा थप योगदान पुग्ने विश्वास गरिएको छ ।

अब अनलाइनबाट बुकिङ्गको सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी



सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

सम्पादकीय

उपभोक्ताको अधिकार र खाद्य स्वच्छता

खाद्य पदार्थको गुणस्तर र स्वच्छता नागरिकको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको विषय हो। मानिसले दैनिक उपभोग गर्ने मिठाई, खाजा, खाना तथा अन्य खाद्य वस्तु सुरक्षित र गुणस्तरीय हुनुपर्छ भन्ने अपेक्षा स्वाभाविक हो। तर, हाम्रो बजारमा खाद्य पदार्थको गुणस्तर, त्यसमा प्रयोग हुने कच्चा पदार्थ, मूल्य र उपभोग्य अवधिबारे उपभोक्ताले पर्याप्त जानकारी पाउने अवस्था अझै सुनिश्चित हुन सकेको छैन। यही अवस्थालाई सुधार गर्न जनकपुरधामका मिठाई पसल, होटल, रेस्टुरेन्ट तथा खाजाघरलाई खाद्य स्वच्छता र गुणस्तरसम्बन्धी कानुनी मापदण्ड पालना गर्न गरिएको निर्देशन सकारात्मक कदम हो।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा ३५ अनुसार मिठाई बिक्री गर्ने व्यवसायीलाई प्रत्येक प्रकारका मिठाईको नाम, प्रयोग गरिएका मुख्य मिश्रण, तेल वा घिउको प्रकार, उपभोग्य अन्तिम मिति र प्रतिकिलो मूल्य सार्वजनिक गर्न निर्देशन दिएको छ। ग्राहकले सहजै देख्न सक्ने स्थानमा यी विवरण राख्नुपर्ने व्यवस्था उपभोक्ताको सूचनाको अधिकारसँग जोडिएको छ। यसले उपभोक्तालाई आफूले खरिद गर्न लागेको वस्तुबारे जानकारी प्राप्त गर्ने र गुणस्तरका आधारमा छनोट गर्ने अवसर प्रदान गर्छ।

तर, कानुनी व्यवस्था बनाउनु र त्यसको प्रभावकारी कार्यान्वयन हुनु फरक विषय हुन्। कार्यालयले सूचना जारी गरेकै आधारमा बजारमा खाद्य स्वच्छता कायम भइहाल्छ भन्ने होइन। त्यसका लागि नियमित अनुगमन, प्रयोगशाला परीक्षण, व्यवसायीलाई सचेतना र मापदण्ड उल्लङ्घन गर्नेमाथि निष्पक्ष कारबाही आवश्यक हुन्छ। मिठाईको सोकेसमा मूल्य र विवरण टाँस्नु मात्र पर्याप्त हुँदैन, त्यसमा प्रयोग हुने दूध, घिउ, तेल, चिनी तथा अन्य सामग्रीको गुणस्तर पनि सुनिश्चित हुनुपर्छ।

खाद्य स्वच्छताको जिम्मेवारी व्यवसायीको मात्र होइन, नियमनकारी निकायको पनि हो। व्यवसायीले बढी नाफा कमाउने उद्देश्यले म्याद गुज्रिएका, मिसावटयुक्त वा अस्वस्थकर खाद्य सामग्री बिक्री गर्नु उपभोक्ताको स्वास्थ्यप्रतिको गम्भीर लापरबाही हो। अर्कोतर्फ, अनुगमनका नाममा औपचारिकता पूरा गर्ने र केही दिनपछि पुरानै अवस्था दोहोरिने प्रवृत्तिले समस्या समाधान हुँदैन।

जनकपुरधाम धार्मिक तथा पर्यटकीय सहर भएकाले यहाँ दैनिक ठूलो सङ्ख्यामा स्थानीय तथा बाह्य पर्यटकले खाद्य सेवा लिने गर्छन्। विशेषगरी विवाह, पर्व तथा धार्मिक उत्सवका बेला मिठाई र खाद्य पदार्थको कारोबार बढ्ने गर्छ। यस्तो अवस्थामा खाद्य स्वच्छताप्रति थप संवेदनशील हुनु आवश्यक छ। स्वच्छ र गुणस्तरीय खाद्य पदार्थले नागरिकको स्वास्थ्य मात्र सुरक्षित गर्दैन, सहरको व्यावसायिक प्रतिष्ठा पनि बढाउँछ।

त्यसैले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको यो पहललाई एकपटकको निर्देशनमा सीमित राख्नु हुँदैन। नियमित अनुगमन, व्यवसायीको जिम्मेवारी, उपभोक्ताको सचेतना र कानुनको निष्पक्ष कार्यान्वयनलाई निरन्तरता दिनुपर्छ। उपभोक्ताले मूल्य तिरेर खरिद गर्ने खाद्य पदार्थ सुरक्षित र गुणस्तरीय पाउनु कुनै सुविधा होइन, उसको मौलिक अधिकार हो। त्यसको सुनिश्चितता गर्नु राज्य, व्यवसायी र नियमनकारी निकाय सबैको साझा दायित्व हो।

तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

अर्थमन्त्री, भारत र राष्ट्रवाद



पुरुषोत्तम ओझा

नेपालका अर्थमन्त्रीले भारतीय न्युज च्यानल एनडीटीभीले नयाँ दिल्लीमा हालै आयोजना गरेको कार्यक्रममा बोल्नुभएका नेपाल-भारत सम्बन्धका कतिपय विषयहरू ओझेलमा परे, तर 'नेपालमा भारतविरोधी राष्ट्रवादको युग समाप्त भयो' भन्ने वाक्यांशलाई लिएर कतिपय स्वदेशी सञ्चारमाध्यमहरूमा विरोधको स्वर उछाल्ने काम भयो। यस सानो लेखमा अर्थमन्त्रीको भनाइको पक्ष र विपक्षमा वकालत गर्ने नभई आम पाठकसमक्ष केही ऐतिहासिक सत्यतथ्य राख्ने प्रयास गरिएको छ।

प्रथमतः राष्ट्रवाद भन्नाले आम जनताबीच मुलुकप्रतिको अपनत्व, आपसी सद्भावलगायत राष्ट्रिय एकताको भावना, मुलुकको सुरक्षा, स्वार्थको रक्षा, स्वतन्त्रता साथै आम जनताको भलाइ प्रवर्द्धन गरिने प्रयासहरूको समष्टिगत रूप हो भन्ने बुझिन्छ। हामी नेपाली हुनुमा गर्व गर्न सक्छौं या सक्दैनौं भन्ने विषय यिनै तत्त्वहरूले निर्धारण गर्दछन्। राष्ट्रियता जाँच्ने काम पनि यसै आधारमा तय हुन्छ भन्नुमा अत्युक्ति हुनेछैन।

करिब साढे दुई सय वर्षअगाडि गोरखाका राजा पृथ्वीनारायण शाहले नेपालको भौगोलिक एकीकरण सुरु गरेपछि उनका छोरा बहादुर शाह र बुहारी राजेन्द्रलक्ष्मीको शासनकालमा नेपालको सिमाना पूर्वमा टिस्टा नदी र पश्चिममा सरयु नदी किनारसम्म पुगेको थियो। यसरी मुलुकको सिमाना विस्तार गर्ने सिलसिलामा नेपाली वीरयोद्धा अमरसिंह थापा, भक्ति थापा, दामोदर पाँडे, बलभद्र कुँवर र भीमसेन थापाजस्ता सैनिक कमान्डरहरूको प्रमुख भूमिका रहेको थियो।

दक्षिणमा ब्रिटिस इन्डियाको साम्राज्य र उत्तरतर्फ विशाल मुलुक चीनको संरक्षणमा रहेको तिब्बतको बीचमा अवस्थित भएका कारणले नेपालको भूराजनीतिक अवस्था एक प्रकारले जटिल र संवेदनशील रहेकै थियो। यस अवस्थामा पृथ्वीनारायण शाहले चातुर्यतापूर्वक नेपालको स्वतन्त्रतालाई जोगाइराख्न दुई ढुङ्गाबीचको तरुलको सिद्धान्त प्रतिपादन गरेका थिए भने मुलुकको अस्तित्व जोगाइराख्न र आर्थिक आत्मनिर्भरता कायम गर्नका लागि भावी पुस्तालाई समेत मार्गदर्शन हुने गरी आफ्नो शासनकालको अन्त्यतिर दिव्योपदेश जारी गरेका थिए।

यो उपदेशमा उल्लिखित कतिपय विषयमध्ये विदेश नीतिको प्रारूपका रूपमा 'चीनको बादशाहसित ठूलो घाहा (सम्बन्ध) राख्नु। दक्षिणको समुन्द्रका बादशाह (अङ्गेज) सित घाहा राख्नु, तर त्यो महा चतुर छ..... एक दिन त्यो बल आउनेछ। जाइ कटक (लडाइँ) नगर्नु, झिकी कटक गर्नु' भन्ने उक्तिको सान्दर्भिकता धेरै समयसम्म रहिरहेकै थियो।

नेपाल र ब्रिटिस इन्डियाबीच सन् १९२३ को डिसेम्बर २१ मा भएको सन्धिले नेपाललाई एक स्वतन्त्र मुलुकका रूपमा स्वीकार गरेको भए तापनि युद्धका लागि तेस्रो मुलुकबाट आवश्यक हातहतियार आयात गर्दा ब्रिटिस सरकारलाई जानकारी दिनुपर्ने प्रबन्ध राखिएको थियो।

सन् १९५० मा गरिएको शान्ति तथा मैत्री सन्धिले पनि नेपाल सरकारले सुरक्षाका लागि हातहतियार खरिद वा उपलब्ध गर्दा भारत सरकारको सहयोग र सहमति लिनुपर्ने प्रावधान राखेको पाइन्छ। यसका अतिरिक्त उक्त सन्धिमा एक अर्को मुलुकको बासिन्दालाई बसोबास, सम्पत्तिको स्वामित्व, र औद्योगिक तथा आर्थिक क्रियाकलापमा आफ्नै नागरिकसरहको राष्ट्रिय व्यवहार गरिनुपर्ने विषय, र प्राकृतिक स्रोत वा औद्योगिक आयोजनाका लागि वैदेशिक सहायता लिँदा नेपालले भारत सरकार वा भारतीय नागरिकलाई प्राथमिकता दिनुपर्ने भनी उल्लेख भएको विषय नेपालमा धेरै समयदेखि विवादित बन्दै आएको छ।

जहानियाँ राणा शासनलाई टिकाइराख्न त्यसका अन्तिम प्रधानमन्त्रीले गरेको यो असमान सम्झौताको स्वामित्व नेपालले बोक्नु हुँदैन र सम्झौता संशोधन वा खारेज गरिनुपर्दछ भन्ने एकाथरीको मत रहिआएको देखिन्छ।

परापूर्वकालदेखि नै नेपालको भारतसँग बहुआयामिक सम्बन्ध रहिआएको छ। उत्तरतर्फको तिब्बत (चीन) लाई दुर्भेद्य हिमालय पर्वतले छेकेको हुँदा मानिसलगायत व्यापारिक वस्तुको आवागमनसमेत कठिन हुने गर्दछ। खासगरी हिमालय पर्वतको दक्षिणी पानीढलोमा अवस्थित नेपाल र भारतको भूगोलमा मात्र समानता नभई आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक र जनस्तरको सम्बन्ध पनि प्रगाढ रहिआएको छ।

हरेक वर्ष तीर्थयात्राका लागि भारतबाट नेपालमा र नेपालबाट भारतमा ठूलो सङ्ख्यामा नागरिकहरू आवतजावत गर्दछन्। धर्मभीरु नेपालीहरूको आकाङ्क्षा भारतको मठमन्दिर र खासगरी चारधाम यात्रा गर्ने हुन्छ भने भारतीयहरू नेपालको पशुपतिनाथ, मुक्तिनाथ र लुम्बिनीको भ्रमण गर्ने चाहना राख्दछन्।

दुवै मुलुकका सिमाना क्षेत्रमा बसोबास गर्ने नागरिकहरूबीच घनिष्ठतम सम्बन्ध रहिआएको छ। बिहेबारीलगायत सांस्कृतिक र सामाजिक रीतिरिवाजको समानता, साथै दुवै तर्फबाट सिमाना क्षेत्रमा सानो स्तरको व्यापार-व्यवसाय हुँदै आएको छ। यसलाई स्थानीयहरू रोटीबेटीको सम्बन्धका रूपमा व्याख्या गर्दछन्।

यति मात्र नभई दुई मुलुकबीच अत्यावश्यक वस्तुको आपूर्तिको घनिष्ठ सम्बन्ध रहिआएको छ। खासगरी नेपालमा अत्यावश्यक वस्तु जस्तै- पेट्रोलियम पदार्थ, धान, चामल, पिठो, तरकारी, फलफूललगायत नुन, चिनी, कपडा, जुत्ता आदि भारतबाट पैठारी हुने गरेको छ।

नेपालमा वैदेशिक लगानीको परिमाणको सबैभन्दा बढी हिस्सा भारतकै रहेको छ। नेपाल राष्ट्र बैङ्कबाट प्रकाशित पछिल्लो तथ्याङ्कअनुसार कुल वैदेशिक लगानीको परिमाण (स्टक) मध्ये सबैभन्दा बढी करिब ३३ प्रतिशत भारतको अंश रहेको छ। त्यसपछि दोस्रोमा चीन (९ प्रतिशत) र आयरल्यान्ड (७ प्रतिशत) रहेको पाइन्छ।

नेपालको वैदेशिक व्यापारको दुईतिहाइ अंश भारतले ओगटेको छ। पछिल्ला वर्षहरूमा निकासी व्यापारमा भारतको हिस्सा अझ बढेर गएको छ। विगत आर्थिक वर्ष २०८२/८३ मा नेपालको कुल निकासी व्यापार मूल्यको ८२ प्रतिशत भारततर्फ गएको पाइन्छ।

परम्परागत रूपमा भारतीय सेनामा भर्ना भई गोर्खाली सेनाले भारतको सिमाना रक्षा गरिरहेका छन्। अस्थायी रोजगारीका लागि नेपालबाट भारत जाने र भारतबाट नेपाल आउने क्रम सदियौंदेखि चल्दै आएको छ। यसअनुसार पनि भारतबाट नेपालमा मात्र नभई नेपालबाट भारततर्फ जाने विप्रेषण रकम उल्लेख्य रहेको अनुमान गर्न सकिन्छ। नेपालले दुवै छिमेकीहरूलाई आफ्नो भूभागमा उनीहरूविरुद्धको कुनै पनि गतिविधि हुन नदिने नीति अवलम्बन गरेबाट पनि एक प्रकारले आपसी सम्बन्धलाई प्रगाढ बनाउन मद्दत मिलेको छ।

राष्ट्रवाद : मुलुकको हितरक्षा कि छिमेकीको विरोध ?

यी विषयलाई छुट्टाछुट्टै रूपमा हेर्नुपर्ने हुन्छ। खासगरी नेपालमा वि.सं. २०१७ सालमा राजा महेन्द्रले जननिर्वाचित सरकारलाई अपदस्थ गरी शासनसत्ता हातमा लिइसकेपछि सो कदमलाई सही ठहऱ्याउनका लागि मुलुक नै सिद्धिन लागेको जस्तो गरी राष्ट्रवादको चर्को नारा व्यापक रूपमा उछालिएको पाइन्छ। यसका लागि पञ्चायती शासकले तत्कालीन नेपाली कांग्रेसको नेतृत्व र भारतलाई प्रमुख दोषी करार गर्न भ्याए।

नेपालजस्तो दुई फरक-फरक राजनीतिक व्यवस्था अङ्गीकार गरेका ठूला छिमेकी मुलुकको बीचमा अवस्थित मुलुकका लागि संसदीय दलीय व्यवस्था माटोसुहाउँदो छैन भन्ने भाष्य खडा गरियो। दलहरू विदेशीको तावेदारी गर्दछन्, मुलुकप्रति जिम्मेवार भएनन्, भ्रष्टाचारमा लिप्त भए, जनताको सेवाको सट्टा दलीय स्वार्थ मात्र पूरा गर्नेतर्फ लागे भन्ने राजा महेन्द्रको शाही घोषणामा उल्लेख गरिएको थियो।

नेपाली कांग्रेसको नेतृत्वको त्यसबखतको सरकारलाई भङ्ग गरी त्यसका नेतागण थुनिए भने दलहरूमाथि प्रतिबन्ध लगाइयो। कतिपय नेताहरू तत्काल भारत निर्वासनमा गए भने बीपी कोइरालालगायतका प्रमुख नेताहरू करिब ८ वर्षको कारावासपछि भारत पलायन भए।

यसरी राजाको कदमविरुद्ध रहेका पार्टीका नेताहरूलाई शरण मात्र नदिई पालनपोषणसमेत गरेको र गुमेको संसदीय व्यवस्था पुनर्वहाली गराउने यत्नमा समेत साथ दिएका कारण नेपाल सरकार र त्यसबखत संस्थापन पक्षमा रहेकाहरूले भारतीय शासक वर्गलाई 'नेपालविरोधी' देख्न थाले। साथै मुलुकभित्रको एउटा ठूलो जमात, जसमा धेरैजसो कम्युनिस्ट र पञ्चहरू पर्दथे; भारतविरोधी र आफूलाई खाँटी राष्ट्रवादी भएको दाबी गर्ने गर्दथे।

पञ्चायती व्यवस्थालाई लामो समयसम्म टिकाइराख्न र राजाको एकलौटी शासनको वर्चस्व कायम राख्नका लागि विभिन्न हतकण्डा अपनाइएका थिए। वि.सं. २०२४ सालमा ल्याइएको 'गाउँ फर्क राष्ट्रिय अभियान' यसैको एउटा कडी थियो। कलिला विद्यार्थीलाई पञ्चायतप्रति आस्थावान् बनाइराख्न माध्यमिक तहको विद्यालयको पाठ्यक्रममा १०० पूर्णाङ्कको 'पञ्चायत' विषयसमेत राखियो। यो पङ्क्तिकारको पनि एसएलसीमा पञ्चायत विषयको एउटा छुट्टै पेपरको परीक्षा दिएको अनुभव छ।

वि.सं. २०३१ मा पञ्चायती संविधानमा गरिएको संशोधनले मुलुकको राजनीतिलाई अझ अनुदार र नियन्त्रित बनायो। जनतामा व्यापक रूपमा बढ्दै गएको असन्तुष्टि र जनदबावका कारण २०३६ सालमा राजा वीरेन्द्र जनमतसङ्ग्रह गराउन बाध्य भए। सुधारिएको भनिएको पञ्चायती व्यवस्थाले पनि मुलुकलाई राजनीतिक निकास दिन सकेन। फलस्वरुप, २०४६ सालको जनआन्दोलनबाट पञ्चायती व्यवस्था ढलेर मुलुकले बहुदलीय संसदीय प्रणाली अङ्गीकार गऱ्यो।

पञ्चायती व्यवस्था रहेसम्म तत्कालीन संस्थापन पक्ष र खासगरी कम्युनिस्टहरूले नेपाली कांग्रेसलाई भारतपरस्त, अराष्ट्रिय तत्त्व र भारतलाई विस्तारवादी भनी भाषण र समारोहमा गाली गरेको त्यसबखतका धेरैले सुनेको हुनुपर्छ। यसलाई असली राष्ट्रवादको बिल्ला लगाउने काम भएकै हो।

विवाद, विरोध र सुलह

भौगोलिक निकटता र आर्थिक, सामाजिक र कतिपय अवस्थामा राजनीतिक परिवर्तनका साथ खोजिएको छिमेकीको नाताले नेपालको भारतसँगको सम्बन्धमा यदाकदा कटुता नदेखिएको होइन। सन् १९५० को सन्धि, कोशी र गण्डक सम्झौता, पटक-पटकको आर्थिक नाकाबन्दी, तराईका कतिपय भाग डुबानमा पार्ने गरी एकतर्फी ढङ्गमा बाँध निर्माण र सिमाना विवादजस्ता विषय कटुताका कारण बन्ने गरेका छन्।

तथापि, दुवै देशले उत्पन्न समस्याहरूलाई कूटनीतिका माध्यमबाट सल्टाउँदै आएका पनि छन्। कतिपय अवस्थामा दुवै मुलुकका सरकारी स्तरमा गरिएका निर्णयका कारण पनि समस्या उत्पन्न हुने नगरेको होइन। तथापि, बहुआयामिक सम्बन्धको जगमा यस्ता समस्या क्रमशः सल्टिँदै गएको देखिएको छ। यस विषयलाई केहीले भारतविरोधी राष्ट्रवादका रूपमा व्याख्या गरे तापनि मूलतः घटनाविशेषका आधारमा गरिएको प्रतिक्रियात्मक टिप्पणीका रूपमा लिन सकिन्छ। यसबाट दुई मुलुकबीचको बृहत्तर सम्बन्धलाई खल्बलिन नदिन सम्बन्धित पक्ष चनाखो हुनैपर्दछ।


सन् १९९० मा नेपालमा बहुदलीय व्यवस्थाको पुनर्वहाली भएपछि व्यवस्था टिकाउनका लागि छिमेकी वा कुनै दलविशेषलाई मुलुकविरोधी करार गर्न आवश्यक नै भएन। त्यसैले 'भारतविरोधी राष्ट्रवाद' को विषयलाई नेपालले साढे तीन दशकअगाडि नै छाडेको थियो भन्नुमा अत्युक्ति हुनेछैन। बहुआयामिक पक्षको जगमा सदियौंदेखि बनेको नेपाल-भारतबीचको सम्बन्ध बीच-बीचमा आउने सानातिना घटनाले हल्लाउन सक्दैनन्।

राष्ट्रियता र देशप्रेम हाम्रो आत्मा हो। मुलुकलाई अप्ठ्यारो परेका बखत आवाज उठाउने कुरालाई कसैले पनि नकारात्मक रूपमा बुझ्न पनि हुँदैन। यस सन्दर्भमा अर्थमन्त्रीले नयाँ दिल्लीमा बोलेको विषय अर्धसत्य हो भनी अर्थ लगाउन सकिन्छ। तथापि, यस्ता संवेदनशील विषयमा बोल्नुपर्दा त्यसको केकस्तो परिणाम आउनेछ भनी पहिल्यै विचार राख्न उपयुक्त हुनेछ।

विज्ञान/प्रविधि

अन्तरिक्षमा सूक्ष्मजीवको जोखिम पृथ्वी र मानव स्वास्थ्यलाई चुनौती

मङ्गल ग्रहमा जीवनको खोजीसँगै पृथ्वीका जीवाणु अन्य ग्रहमा फैलिने र अन्तरिक्षबाट अज्ञात सूक्ष्मजीव पृथ्वीमा आउने जोखिमबारे वैज्ञानिकहरूको चिन्ता



नासाको 'पर्सिभिअरन्स रोभर'ले मङ्गल ग्रहमा चट्टानका नमुनाहरू सङ्कलन र विश्लेषण गरिरहेको छ।

खगोलशास्त्रीहरूले पृथ्वीको जस्तै वातावरण हुन सक्ने ग्रहहरूको खोजी गर्न ब्रह्माण्डको अध्ययन गर्दै आएका छन्।

हामीले आकाशगङ्गाभित्र टाढा रहेका ग्रहहरूबाट आउन सक्ने रेडियो सङ्केतहरू पनि सुन्ने गरेका छौं।

यी जटिल अभियानहरूको एउटा साझा उद्देश्य छ - "पृथ्वीभन्दा बाहिर जीवको अस्तित्वमा थियो कि थिएन वा रहन सक्छ कि सक्दैन" भन्ने पत्ता लगाउनु।

मानवजाति दशकौंदेखि पृथ्वीबाहिर जीवन छ कि छैन भन्ने पत्ता लगाउने प्रयासमा छ।

कुनै दिन 'एलिअन' अर्थात् पृथ्वीबाहिरका जीवहरू फेला परे भने पनि ती चलचित्र देखाइने हरिया रङका 'एलिअन'जस्ता नहुन सक्छन्।

खगोलजीववैज्ञानिक तथा लेखक डा मिशेल मुसिलोभा भन्छिन्, "तिनीहरू सम्भवतः सूक्ष्मजीव हुन सक्छन्।"

उनले नासा र युरोपेली अन्तरिक्ष निकायजस्ता संस्थाहरूसँग मिलेर अनुसन्धान गरेकी छन्।

डरलाग्दो अवस्था

अन्तरिक्षमा सूक्ष्मजीवहरू फेला परे भने के तिनले हामीलाई बिरामी पार्न सक्छन्?

अथवा हामीले अन्तरिक्षको यात्रा गर्दा के हामीले आफूसँगै पृथ्वीबाट सूक्ष्मजीवहरू लैजादै त हुँदैनौ?

मुसिलोभाले बीबीसीको पड्कास्ट 'क्राउडसाइन्स'सँग कुरा गर्दै भनिन्, "ब्याक्टेरियाजस्ता साधारण जीव नै अन्तरिक्षको प्रतिकूल वातावरणमा बाँच्न सक्ने सबैभन्दा बढी सम्भावना भएका जीव हुन्।" उनका अनुसार पृथ्वीमा पाइने केही ब्याक्टेरिया अन्तरिक्षमा लामो समयसम्म जीवित रहन सक्छन् किनभने तिनमा 'स्पोर' बन्ने क्षमता हुन्छ। यो निष्क्रिय अवस्था हो। यस्तो अवस्थामा तिनले विकिरणको असर पनि सहन सक्छन्।

उनी भन्छिन्, "यी जीवहरूले आफ्नो कोषभित्र एउटा बाक्लो सुरक्षात्मक खोल तयार गर्छन्। त्यो प्रक्रियामा डीएनए निकै कसिएर बस्छ र विशेष प्रकारका प्रोटीनद्वारा सुरक्षित रहन्छ।"

"यी प्रोटीनहरूले डीएनएलाई आफ्नो स्थानमा स्थिर राख्छन् र बचाउँछन्। नत्र सामान्य अवस्थामा विकिरणले डीएनएलाई टुक्राटुक्रा पारिदिन सक्छ।"

मुसिलोभाका अनुसार ब्याक्टेरियाका 'स्पोर' अर्थात् बीजाणुहरू अन्तरिक्षमा हजारौं वर्षसम्म बाँच्न सक्ने सम्भावना हुने मान्यता पनि छ।

तर वैज्ञानिकहरूले यस्ता जीवको परीक्षण लामो समयसम्म गरिनसकेका हुनाले यी अहिलेसम्म काल्पनिक सिद्धान्त मात्र हुन्।

अन्तरिक्षदेखि पृथ्वीसम्म

अन्तरिक्षमा हुन सक्ने सूक्ष्मजीव यताबाट गएका मानिससँग पृथ्वीमा आइपुग्यो भने के हुन्छ? वैज्ञानिकहरूले त्यसको उत्तर खोज्नुपर्ने हुन्छ।

त्यसो हुनुलाई 'ब्याक्वर्ड कन्ट्यामिनेशन' अर्थात् अन्तरिक्षबाट आएको प्रदूषण भनिन्छ। त्यसो भयो भने मानिसलाई हानि पुग्न पनि सक्छ। तर के तिनले हामीलाई बिरामी बनाउन सक्छन् त?

यस अघि विशेषज्ञहरूले मङ्गल ग्रहको सतहबाट ल्याइने नमुनाले पृथ्वीमा हानि पुऱ्याउने जोखिम "अत्यन्त न्यून" र हेको बताएका थिए। तर मुसिलोभाका अनुसार अन्तरिक्ष निकायहरूले सम्भावित जोखिमलाई गम्भीर रूपमा लिने गरेका छन्।

उदाहरणका लागि, अहिले स्थगित गरिएको नासा र इसाको संयुक्त कार्यक्रम 'मार्स स्याम्पल रिटर्न'मा जोखिम देखा परेमा त्यसको सामना गर्नका लागि विशेष आकस्मिक कार्य योजना समेत तयार गरिएको थियो।

उनी भन्छिन्, "त्यसरी ल्याइने नमुनाहरू सुरक्षित रूपमा भण्डारण गर्न र परीक्षण गर्न विशेष प्रयोगशाला बनाउने योजना बनाइएको थियो।"

सिल्भियो सिनिबाल्डी त्यो संयुक्त परियोजनामा प्लानेटरी प्रोटेक्शन अफिसरका रूपमा काम गरेकी वैज्ञानिक हुन्।

उनका अनुसार वैज्ञानिकहरूले मङ्गल ग्रहबाट ल्याइने नमुनालाई मात्र सम्भावित जोखिमका रूपमा हेरेका थिएनन्।

सिनिबाल्डी भन्छिन्, "हामीले अन्तरिक्षयानको बाहिरी भागमा टाँसिन सक्ने कणहरूलाई पनि ध्यानमा राखेका थियौं।

उनले थप स्पष्ट पार्दै भनिन्, "यस्ता कणहरूलाई पृथ्वीको वायुमण्डलको नजिक समेत पुग्न नदिने हाम्रो लक्ष्य थियो।"

अर्थात् मङ्गल ग्रहबाट पृथ्वीमा कुनै अज्ञात जैविक पदार्थ वा सूक्ष्मजीव अन्जानमै पनि प्रवेश नगरून् भनेर अन्तरिक्ष निकायहरूले नमुना सङ्कलनदेखि पृथ्वीमा ल्याउने प्रक्रियासम्मका सबै चरणमा कडा सुरक्षा उपायहरू अपनाउने योजना बनाएका थिए।

के हामीले अन्तरिक्षलाई दूषित बनाउन सक्छौं

अमेरिकास्थित पिट्स्बर्ग विश्वविद्यालयकी सूक्ष्मजीववैज्ञानिक तथा नासाकी भूतपूर्व अन्तरिक्षयात्री डा केट रुबिन्स भन्छिन्, "यदि सूक्ष्मजीवहरू अन्तरिक्षमा बाँच्न सक्छन् भने हामीले आफूसँगै अन्तरिक्षमा के कस्ता जीवाणुहरू लगिरहेका छौं भन्ने विषयमा पनि सोच्नुपर्ने हुन्छ।"

रुबिन्सका अनुसार अन्तरिक्षयात्रा गर्न जाँदा पृथ्वीवासीले आफूसँग विभिन्न सूक्ष्मजीवहरू लैजान्छन्।

सूक्ष्मजीवहरूमा आफू वरिपरिको वातावरण हेरेर तदनुरूप प्रतिक्रिया दिन सक्ने क्षमता हुन्छ।

उनी भन्छिन्, "तनावको अवस्थाप्रति सूक्ष्मजीवहरू निकै संवेदनशील हुन्छन्। अन्तरिक्षयात्रा तथा सूक्ष्म गुरुत्वाकर्षणजस्ता वातावरण विभिन्न प्रकारका तनावले भरिएको हुन्छ।"

अध्ययनहरूले सूक्ष्म गुरुत्वाकर्षणको स्थितिमा केही ब्याक्टेरिया माथि विषाक्ततासँग सम्बन्धित जीनहरू सक्रिय हुन सक्छन् भन्ने देखाएका छन्। अर्थात् तिनमा रोग उत्पन्न गर्ने क्षमता बढ्न सक्छ।

यसलाई रुबिन्स चिन्ताजनक विषय मान्छिन्।

मुसिलोभाका अनुसार सूक्ष्मजीवहरूलाई अन्तरिक्षमा पुऱ्याउनु वैज्ञानिक अनुसन्धानका लागि पनि खतरा हुन सक्छ।

किनभने त्यसो हुनु भनेको वैज्ञानिकहरूले अध्ययन गर्न खोजिरहेको वातावरणलाई आफैंले दूषित बनाउन पुगेको हुन जान्छ।

उनी भन्छिन्, "हामीले मङ्गल ग्रहमा कुनै बेला जीवनका लागि अनुकूल अवस्था थियो कि थिएन भन्ने अध्ययन गर्न अनुसन्धान गर्न विभिन्न यानहरू पठाइरहेका छौं।

"केही सूक्ष्मजीवहरू पृथ्वीबाट 'लिफ्ट' पाएर मङ्गल ग्रहसम्म पुग्न सफल भएको हुन सक्ने लगभग निश्चित छ। ... त्यसैले यदि हामीले मङ्गल ग्रहमा जीवन फेला पाऱ्यौं भने सबैभन्दा पहिले त्यो मङ्गल ग्रहकै हो वा पृथ्वीबाट पुगेको प्रदूषण हो भन्ने सुनिश्चित गर्नुपर्ने हुन्छ।"

सिनिबाल्डीका अनुसार त्यस्ता खतरा कम गर्न अन्य ग्रहमा पृथ्वीका सूक्ष्मजीवहरू फैलिन दिनु हुँदैन।

यो प्रयासमा अन्तरिक्षयानको डिजाइनले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ।

युरोपेली अन्तरिक्ष एजेन्सी इसाले सन् २०२८ मा प्रक्षेपण गर्ने योजना गरेको एक्सोमार्स रोभर 'रोज्लिन्ड फ्र्याङ्क्लिन' लाई अन्तरिक्ष दूषित पार्ने जोखिम न्यूनीकरण गर्ने गरी डिजाइन गरिएको छ।

इसाका अनुसार यो रोभर अत्यन्त सफा (अल्ट्राक्लीन) वातावरण मा बनाइएको थियो। ब्याक्टेरियाको सङ्ख्या न्यून बनाउन 'ड्राइहीट माइक्रोबिअल रिडक्शन', अल्ट्राभायोलेट विकिरण र गामा विकिरण लगायतका विधि प्रयोग गरिएको छ। सूक्ष्मजीवहरूलाई पूर्ण रूपमा हटाउन भने सम्भव हुँदैन।


एक्सोमार्सका इन्जिनिअर पोल मिचम भन्छन्, "पूरै रोभरको सतहमा १०,००० भन्दा कम ब्याक्टेरियल स्पोर (बीजाणु) हुनुपर्ने लक्ष्य राखिएको थियो। सामान्यतया त्यति स्पोरहरू सियोको टुप्पोको आठौं भागजत्रो सानो क्षेत्रमा पाइन्छ।"

"हामीले त्यो निर्धारित सङ्ख्याको केवल १० प्रतिशत मात्र फेला पाऱ्यौं।"

यो किन महत्त्वपूर्ण छ

यसै वर्षको अगस्ट महिनामा नासाका वैज्ञानिकहरूले पृथ्वीमा पाइने केही सूक्ष्मजीवहरू चन्द्रमाको दक्षिणी ध्रुवमा छाया पर्ने खाँच र कुनाकाप्चामा जीवित रहन सक्ने पत्ता लगाएका थिए।

त्यसैकारण अन्तरिक्षमा सूक्ष्मजीवहरूले कसरी प्रतिक्रिया जनाउँछन् भन्ने विषयलाई अझ गहिरो रूपमा बुझ्नुपर्ने आवश्यकता



देखिएको वैज्ञानिकहरूले बताएका छन्।

सूक्ष्मजीवहरू अन्तरिक्षमा जीवित रहन सक्ने, वा कतिपय अवस्थामा अझ बढी आक्रामक बन्न सक्ने सम्भावना, साथै अन्तरिक्ष यात्राले मानिसको प्रतिरोध प्रणालीलाई कमजोर बनाउन सक्ने तथ्यलाई हेर्दा यस्ता जीवहरूले अन्तरिक्षयात्रीहरूको स्वास्थ्यमा नकारात्मक प्रभाव पार्न सक्छन्।

यसले अन्तरिक्ष अभियानहरूको सफलतामा समेत असर गर्न सक्छ। मानिसहरूले पृथ्वीभन्दा धेरै टाढासम्म र लामो अवधिका अन्तरिक्ष यात्रा गर्ने योजना बनाउँदै जाँदा यी चुनौतीहरू अझ टड्कारो बन्दै गएका छन्।

उदाहरणका लागि, यदि अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनमा रहेका कुनै अन्तरिक्षयात्री बिरामी भए भने उनलाई उपचारका लागि २४ घण्टाभित्र पृथ्वीमा फर्काउन सकिन्छ। तर यदि त्यही समस्या चन्द्रमामा भयो भने पृथ्वीमा ल्याउन नै केही दिन लाग्न सक्छ।

डा केट रुबिन्स भन्छिन्, "केही हुँदैन होला जस्तो लाग्न सक्छ तर यदि कसैलाई गम्भीर सङ्क्रमण भएको छ भने त्यो वास्तवमै ठूलो समस्या बन्न सक्छ।"

उनका अनुसार अन्तरिक्ष अन्वेषणका नयाँ चरणहरूमा केवल रकेट र प्रविधि मात्र होइन, सूक्ष्म जीवहरू र मानव स्वास्थ्यबीचको सम्बन्धलाई पनि गम्भीर रूपमा अध्ययन गर्नुपर्ने आवश्यकता छ।

किनकि भविष्यमा चन्द्रमा, मङ्गल ग्रह वा अझ टाढाका गन्तव्यतर्फ हुने लामो यात्राहरूमा यिनै अदृश्य सूक्ष्मजीवहरू मानव अभियानका सबैभन्दा ठूलो चुनौतीहरूमध्ये एक बन्न सक्छन्।

साभार: बीबीसी/नेपाली

विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

समाचार
जि.प्र.का.ध.द.नं. २३८/०७४/७५
जि.हु.का.ध.द.नं. २१९/०७४/७५
२०८३ कात्तिक १८ गते बुधवार [4 Nov. 2026]
समाचार दैनिक जनकपुर

दीपावलीमा हराउँदै गएको हुक्काहुक्की परम्पराको रौनक

जुटखेती घटेसँगै कच्चा पदार्थ र परम्परागत सीपको अभाव, संस्कृति जोगाउन राजविराजमा हुक्कापाति बिक्री गर्दै स्थानीय

राजविराज, १७ कात्तिक । दीपावली नजिकिँदै गर्दा मधेशका गाउँदेखि सहरसम्म हुक्काहुक्कीको चर्चा र चहलपहल बढ्न थालेको छ । लक्ष्मीपूजाका दिन दरिद्रता भगाएर सुख, शान्ति र समृद्धि भित्र्याउने विश्वासका साथ खेलिने हुक्काहुक्की मधेशको मौलिक लोकसंस्कृतिमध्ये एक हो । तर, पुस्तौँदेखि चल्दै आएको यो परम्परा अहिले विस्तारै संकटमा पर्दै गएको छ ।

जुटखेतीमा आएको कमी, कच्चा पदार्थको अभाव र नयाँ पुस्ताको घट्दो रुचिका कारण हुक्काहुक्की बनाउने परम्परागत सीपसमेत हराउने अवस्थामा पुगेको छ । यही अवस्थाबीच राजविराजका स्थानीयवासी भने दीपावलीको अवसर पारेर हुक्कापाति बनाएर बिक्री गर्न जुटेका छन् ।

राजविराज नगरमा अहिले एक दर्जनभन्दा बढी व्यक्ति हुक्काहुक्की (हुक्कापाति) बनाएर बिक्री गरिरहेका छन् । दीपावलीसम्म मात्रै चल्ने यो व्यापार उनीहरूका लागि आम्दानीको माध्यम मात्र होइन, पुर्खाले हस्तान्तरण गरेको संस्कृति जोगाउने प्रयास पनि हो ।

हुक्कापाति बिक्रीमा व्यस्त हरिदेव पण्डित ग्रामीण बस्तीबाट सहरतर्फ बसाइँसराइ बढेसँगै नयाँ पुस्ता मौलिक संस्कृतिबाट टाढिँदै गएको बताउनुहुन्छ । सहरमा हुर्किएका बालबालिकालाई हुक्काहुक्कीको परम्परा र महत्वबारे जानकारी गराउन पनि आफूले यसको बिक्री सुरु गरेको उहाँको भनाइ छ ।

हरिदेवसँगै मंगली देवी पनि दिनभर हुक्कापाति बनाउन र बिक्री गर्न व्यस्त हुनुहुन्छ । उहाँका लागि यो व्यापारभन्दा पनि पुर्खाले चलाउँदै आएको सीप र संस्कृतिलाई नयाँ पुस्तासम्म पुऱ्याउने माध्यम हो ।

हुक्कापाति बनाउन जुट अर्थात् पटुवाको सन्ठी र रारीको खर प्रयोग गरिन्छ । तर, पछिल्लो



समय जुटखेती गर्ने किसानको सङ्ख्या घट्दै गएपछि आवश्यक कच्चा पदार्थ पाउनसमेत कठिन भएको छ । खेतीपाती छाडेर सहरी क्षेत्रमा बसोबास गर्ने क्रम बढ्दा यसको उत्पादनमा पनि कमी आएको स्थानीयको अनुभव छ ।

रुपनी गाउँपालिका-२ का लोकेन्द्र यादवका अनुसार गाउँघर छाडेर राजविराजमा बसोबास गर्न थालेपछि जुटखेती पनि घटेको छ । अहिले खेतीपाती बटैयामा लगाउने गरिएको र जुटको उत्पादन कम भएकाले हुक्कापाति बनाउन आवश्यक सामग्रीसमेत खरिद गर्नुपर्ने बाध्यता रहेको उहाँ बताउनुहुन्छ । आफूलाई बनाउने सीप भए पनि सामग्रीकै अभाव हुन थालेको उहाँको भनाइ छ ।

हुक्काहुक्कीको आकार र प्रकारअनुसार १५ देखि ५० रुपैयाँसम्ममा बिक्री हुने गरेको करियाही देवी बताउनुहुन्छ । उहाँका अनुसार यसको बिक्रीबाट हुने आम्दानीभन्दा पनि नयाँ पुस्तालाई परम्परासँग परिचित गराउनु र लोकसंस्कृतिलाई जीवन्त राख्नु मुख्य उद्देश्य हो ।

दरिद्रता हट्ने र लक्ष्मीको वास हुने विश्वास

मधेशमा हुक्काहुक्की खेल्ने परम्परा केवल मनोरञ्जनमा सीमित छैन । यससँग धार्मिक तथा सांस्कृतिक विश्वास पनि जोडिएको छ । लक्ष्मीपूजाका दिन घरको छानामा हुक्कापाति राख्ने र साँझ त्यसलाई बालेर खेल्दा घरबाट दरिद्रता हट्ने तथा लक्ष्मीको वास हुने जनविश्वास छ ।

८५ वर्षीय सीतावीप्रसाद साहका अनुसार पुस्तौँदेखि लक्ष्मीपूजाका दिन प्रत्येक घरको छानामाथि एउटा हुक्कापाति राख्ने चलन छ । यसले घरमा सुख, शान्ति र समृद्धि ल्याउने विश्वासका आधारमा यो परम्परा निरन्तर चल्दै आएको उहाँ बताउनुहुन्छ ।

नयाँ धान भित्र्याउँदा पनि हुक्कापातिसँग जोडिएको परम्परा छ । धान काटेर घरमा ल्याएपछि भुटेर चिउरा बनाउने र नमान (पूजा) गर्ने चलन रहेको साह बताउनुहुन्छ । पूजाका लागि धान भुट्न घरको छानामा राखिएको हुक्कापातिलाई दाउराका रूपमा प्रयोग गरिन्छ । त्यसपछि मात्रै नयाँ धान उपभोग गर्ने परम्परा रहेको उहाँको भनाइ छ ।

मैथिली भाषामा बुढापाकाले 'हुक्कापाथि खेलै छी, मच्चर भगावै छी' अर्थात् हुक्काहुक्की खेलेर दरिद्रता भगाउँछौं भन्ने मान्यता राख्छन् । यही विश्वासका साथ लक्ष्मीपूजाको साँझ परिवारका सदस्य तथा स्थानीयवासी सामूहिक रूपमा हुक्काहुक्की खेल्ने गर्छन् ।

मधेश प्रज्ञा प्रतिष्ठानका सदस्य दिनेशकुमार यादवका अनुसार आधुनिक दीपावलीमा विद्युतीय बत्ती र रंगीचंगी सजावटको प्रयोग बढ्दै जाँदा परम्परागत लोकसंस्कृतिको महत्व नयाँ पुस्तामा कम हुँदै गएको छ । मौलिक परम्परालाई निरन्तरता दिन यसको सांस्कृतिक महत्वबारे नयाँ पुस्तालाई जानकारी गराउन आवश्यक रहेको उहाँको भनाइ छ ।

यसरी खेलिन्छ हुक्काहुक्की

हुक्काहुक्की बनाउन जुट वा पटुवाको सन्ठी र रारीको खर प्रयोग गरिन्छ । सन्ठीलाई आवश्यक लम्बाइमा काटेर टुप्पोमा जोड चिह्नजस्तो आकार बनाइन्छ । त्यसपछि सुकेको जुटको ओदारले बाँधेर हुक्कापाति तयार गरिन्छ ।

परम्पराअनुसार घरको छानामा राख्न एउटा र घरका छोराहरूको सङ्ख्याअनुसार थप हुक्कापाति बनाउने चलन छ । लक्ष्मीपूजाको साँझ घरको जेठो छोरा वा परिवारका छोराहरूले मूलदेवताअगाडि बालिएको दीपबाट हुक्कापातिको टुप्पोमा आगो सल्काउँछन् ।

त्यसपछि मन्त्रोच्चारण गर्दै घरबाहिर डगर, चौराहा वा खेतमा पुगेर हुक्काहुक्की खेल्ने गरिन्छ । परिवारका अन्य सदस्य तथा बालबालिका पनि त्यसमा सहभागी हुन्छन् । हुक्काहुक्की आधा जलेपछि भुइँमा राखेर तीन वा पाँच पटक नाघ्ने र बाँकी रहेको भाग तरकारीबारीमा गाड्ने चलन छ । यसो गर्दा खेतबारीमा राम्रो उत्पादन हुने र बालीमा कसैको आँखा नलाग्ने जनविश्वास छ ।

सहयोगको संस्कृति बजारमा सीमित

ज्येष्ठ नागरिक सीतावीप्रसाद साहका अनुसार डेढ दशकअघिसम्म हुक्कापाति किनबेच गर्ने चलन थिएन । गाउँघरका अधिकांश किसानले आफ्नै खेतमा जुटखेती गर्ने भएकाले आवश्यक सामग्री सहजै उपलब्ध हुन्थ्यो । जुटखेती नभएका परिवारलाई छिमेकीले निःशुल्क हुक्कापाति बनाएर दिने चलन थियो ।

त्यतिबेला बुढापाकाले आफ्ना मात्र नभई छिमेकीका बालबालिकालाई समेत हुक्कापाति बनाएर खेल्न दिने गरेको उहाँ सम्झनुहुन्छ ।

उहाँ भन्नुहुन्छ, "पहिले सबैका खेतमा जुट हुन्थ्यो । जसको खेतमा जुट हुँदैनथ्यो, उसलाई पनि निःशुल्क बनाएर दिन्थ्यौं । अहिले जुटखेती नै घटेको छ । सहरमा सामग्री पनि पाइँदैन, त्यसैले किनेर प्रयोग गर्नुपर्ने अवस्था आएको छ ।"

परम्परागत सीप, स्थानीय कृषि उत्पादन र सामुदायिक सहयोगसँग जोडिएको हुक्काहुक्की संस्कृति अहिले विस्तारै बजारको किनबेचमा सीमित हुँदै गएको छ । यद्यपि, दीपावलीका बेला यसको माग र बिक्रीले पुस्तौँ पुरानो लोकपरम्परा अझै पूर्ण रूपमा हराइसकेको छैन भन्ने देखाउँछ । यस वर्ष कात्तिक २२ गते आइतबार दीपावली मनाइँदैछ । त्यसको तयारीसँगै राजविराजका सडक र गल्लीमा देखिन थालेका हुक्कापातिले मधेशको मौलिक सांस्कृतिक पहिचानलाई पुनः सम्झाइरहेका छन् । गोरखपत्रबाट

महिलाको मृत्यु

दैनिक समाचारदाता

धनगढी १७ कात्तिक । धनगढीमा माटोको ढिस्कोले पुरिएर एक महिलाको मृत्यु भएको छ ।

धनगढी उपमहानगरपालिका-१६ भादास्थित गणेश सामुदायिक वनमा घर पोल्नका लागि माटो लिन गएकी स्थानीय ३९ वर्षीया कवितादेवी चौधरीको ढिस्कोले पुरिएर मृत्यु भएको हो ।सोमबार साँझ करिब ५ बजे माटो खन्ने क्रममा एक्कासी ढिस्को खस्दा उनी पुरिएर घाइते भएकी थिइन् । उनलाई उपचारका लागि नवजीवन अस्पताल धनगढी ल्याइएकोमा चिकित्सकले मृत घोषणा गरेका थिए ।

वन.....

भएका त्रुटि सच्याउन, कर्मचारीलाई फरक जिल्लामा पदस्थापन गर्न तथा महिला र नवप्रवेशी कर्मचारीमाथि हुने विभेद र मानसिक दबाव अन्त्य गर्न पनि अभियानले आग्रह गरेको छ । अध्यक्ष यादवले दीपावलीअघि माग सम्बोधन गर्न सरकारलाई अल्टिमेटम दिएका छन् । तोकिएको समयभित्र माग पूरा नभए मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित विभिन्न मन्त्रालयमा थप धर्ना दिनुका साथै प्रदेशव्यापी आन्दोलन चर्काउने चेतावनी उनले दिएका छन् ।

दुई अध्यादेश.....

स्वीकार गर्ने निर्णय गरेको छ । प्रवक्ता पोखरेलका अनुसार बैठकले नेपाल पुनर्बीमा कम्पनी लिमिटेडमा नेपाल सरकारको थप हकप्रद शेयर लगानी गर्न सहमति प्रदान गर्ने निर्णय गरेको छ । साथै तुर्कीएको आन्तालयामा यही कात्तिक २३ देखि मङ्सिर ४ गतेसम्म आयोजना हुने संयुक्त राष्ट्र सङ्घीय जलवायु परिवर्तनसम्बन्धी महासन्धिका पक्ष राष्ट्रहरूको ३१औँ सम्मेलनमा सहभागी हुन उच्चस्तरीय प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने पनि निर्णय गरेको छ ।

त्यसैगरी नानो फर्टिलाइजर, बायोस्टिमुलेनट र व्यावसायिक रूपमा उत्पादन तथा बिक्री वितरण हुने जैविक तथा प्राङ्गारिक मल आवश्यक पदार्थको सूचीमा समावेश गर्ने र मल नियन्त्रण आदेश, २०८३ स्वीकृत गर्ने निर्णय पनि गरेको छ । साथै मोही लागेको जग्गाको जग्गावाला र मोहीले जग्गा बाँडफाँट गरी लिन निवेदन दिनुपर्ने तथा त्यस्तो जग्गाको जग्गावाला र मोहीबीच जग्गा बाँडफाँट गरी कारबाहीको टुङ्गो लगाई सक्नुपर्ने अवधि क्रमशः २०८५ कात्तिक र २०८६ असारमसान्तसम्म थप गर्नेगरी नेपाल राजपत्रमा सूचना प्रकाशन गर्न स्वीकृति दिने निर्णय गरेको मन्त्री पोखरेलले जानकारी दिनुभयो । रासस

सभामुख यादवद्वारा भूतही लिग क्रिकेट प्रतियोगिताको उद्घाटन

दैनिक समाचारदाता


जनकपुरधाम, १७ कात्तिक । मधेश प्रदेश सभाका सभामुख रामअशिष यादवले धनुषाको मिथिला बिहारी नगरपालिका-१ मा आयोजित भूतही लिग क्रिकेट प्रतियोगिताको उद्घाटन गर्नुभएको छ । प्रतियोगिताको उद्घाटन समारोहलाई सम्बोधन गर्दै सभामुख यादवले खेलाडी राष्ट्रको गौरव भएको बताउनुभयो । उहाँले संघीयता कार्यान्वयनमा आएपछि ग्रामीण क्षेत्रमा खेलकुद र खेलाडीप्रति सम्मान तथा आकर्षण बढ्दै गएको उल्लेख गर्नुभयो । मिथिला बिहारी नगरपालिका-१ का कार्यवाहक वडाध्यक्ष अजय यादवको अध्यक्षतामा सम्पन्न उद्घाटन



समारोहमा नगरप्रमुख राजेन्द्र यादव र प्रमुख प्रशासकीय अधिकृत उपेन्द्र न्यौपानेसहितले शुभकामना मन्तव्य व्यक्त गर्दै खेलाडीको हौसला बढाउनुभएको थियो । मिथिला बिहारी नगरपालिका-१ को आयोजना तथा श्री महारानी माई क्रिकेट टिमको संयोजनमा प्रतियोगिता सञ्चालन गरिएको हो ।

प्रतियोगितामा विभिन्न वडाका ३२ वटा क्रिकेट टोली सहभागी रहेको युवा अभियन्ता सन्तोषकुमार मण्डलले जानकारी दिनुभयो । उहाँका अनुसार प्रतियोगिताले ग्रामीण क्षेत्रमा क्रिकेट खेलको विकास र स्थानीय प्रतिभाको पहिचानमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४